मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)
नुम, संखुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं: 
Dispatch No.: 9865

विषय:- तालिममा सहभागी हुन निवेदन आह्वान सम्बन्धी सार्वजनिक सूचना ।

सूचना प्रकाशित मिति: २०८३/०२/०७

यस मकालु गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"सीप विकास कार्यक्रम"** मार्फत स्थानीय युवाहरूलाई दक्ष बनाई दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले **वडा नं. ४** का बासिन्दाहरूका लागि **सोलार जडान तालिम** सञ्चालन गर्न लागिएको हुँदा इच्छुक व्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ **(सात)** दिनभित्र कार्यालय समयमा निवेदन पेस गर्नुहुन सूचित गरिन्छ ।

**१. तालिमको विवरण:**

- **तालिमको नाम: सोलार जडान** सीप विकास तालिम ।
- **तालिमको अवधि:** ७ कार्य दिन (प्रयोगात्मक अभ्यास सहित) ।
- **छनौट गरिने सहभागी संख्या:** १० जना (मकालु गाउँपालिका वडा नं. ४ का स्थायी बासिन्दाहरू मात्र) ।

**२. सहभागीका लागि आवश्यक न्यूनतम योग्यता:**

- नेपाली नागरिक र मकालु गाउँपालिका **वडा नं. ४ को स्थायी बासिन्दा** हुनुपर्ने ।
- साधारण लेखपढ गर्न जान्ने (कम्तीमा कक्षा ८ उत्तीर्णलाई प्राथमिकता दिइने) ।
- तालिममा सहभागी हुनका लागि शारीरिक र मानसिक तवरले स्वस्थ र तन्दुरुस्त हुनुपर्ने ।
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

**३. निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू:**

- रीतपूर्वक भरिएको निवेदन फाराम (गाउँपालिका/वडा कार्यालयमा उपलब्ध) ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
- सम्बन्धित वडा कार्यालयको स्थायी बसोबास खुल्ने सिफारिस पत्र ।

**४. आवेदन दिने अन्तिम मिति र स्थान:**

- **मिति:** २०८२/०२/१३ (सूचना प्रकाशित भएको सातौं दिनको कार्यालय समयभित्र) ।
- **स्थान:** मकालु गाउँपालिकाको कार्यालय (योजना शाखा/रोजगार सेवा केन्द्र) वा वडा नं. ४ को वडा कार्यालय ।

**५. छनौट प्रक्रिया:**

- सम्वन्धित वडा कार्यालयको सिफारिस अनुसार ।

नोट: रीत नपुगी वा म्याद नाघि आएका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन ।तालिम संग सम्वन्धित अन्य सवै विषयवस्तुको निर्णय यस कार्यालयमा निहित रहने छ ।

थप जानकारीका लागि गाउँपालिकाको कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।सम्पर्क मोवाइल नः९८५११६०४७९,९८४३५९५०१४

२०८३/०२/०६

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत